'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ | अंक : १०१ | शनिवार २२ मंसिर, २०८१ | 07 (Saturday) December 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

### एक महिनामा २२ हजार क्विन्टलभन्दा बढी धान खरिद

## बाँकेमा धान खरिदको लक्ष्य बढेर ५५ हजार क्विन्टल पुर्‍याइयो

नमस्ते समचारदाता
बाँके, मंसिर/२१



यो वर्ष खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको मुख्य शाखा कार्यालय नेपालगञ्जले ४० हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएकोमा खरिद गर्न शुरु गरेको एक महिनामा बाँकेका किसानहरुसँग २२ हजार क्विन्टल भन्दा बढी धान खरिद गरिसकेको छ । गत कात्तिक २० गते मङ्गलबारबाट किसानका धान खरिद गर्न लागेको नेपालगञ्ज कार्यालयले मङ्सिर १९ गतेसम्म एक महिनाको अवधिमा २२ हजार ७ सय ४८ दशमलब ४७ क्विन्टल धान खरिद गरिसकेको जनाएको हो । यस वर्ष मध्यम धान बिक्री गर्ने किसानको चाप बढेपछि खाद्यले केन्द्रीय कार्यालयसँगको सहमतीमा थप १५ हजार क्विन्टल मध्यम धान खरिद गर्नेगरी ५५ हजार क्विन्टलको लक्ष्य निर्धारण गरेको छ । ३० हजार क्विन्टल मोटा धान र १० हजार क्विन्टल मध्यम गरी यस वर्ष ४० हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको नेपालगञ्ज कार्यालयल धान बिक्री गर्ने किसानहरुबाट मध्यम धान धेरै आएकाले मध्यम धानलाई १५ हजार क्विन्टल थप गरी ५५ हजार क्विन्टल खरिद गर्ने लक्ष्य निर्धारण गरेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा कार्यालय नेपालगञ्जका मुख्य शाखा प्रमुख रामशरण लामिछानेले जानकारी गराएका छन् । लामिछानेले भने, 'यस वर्ष हामीले नेपालगन्ज कार्यालयबाट ३० हजार क्विन्टल मोटा र १० हजार क्विन्टल मध्यम गरी ४० हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएका थियौँ । तर यहाँका किसानहरुले मध्यम धानको खेती बढी गर्ने गरेको पाइयो, । किसानहरुले धेरैजसो मध्यम धान बिक्री गर्न ल्याउनुभयो । मध्यम धान धेरै आएपछि केन्द्रीय कार्यालयसँग समन्वय गर्दा केन्द्रीय कार्यालयले हामीलाई मध्यम धान थप १५ हजार क्विन्टल खरिद गर्न सक्ने गरी सहमती दिएकाले कुल ५५ हजार क्विन्टलको लक्ष्य राखेका छौं ।' बाँकेका किसानहरु पछिल्लो समयमा मोटा भन्दा मध्यम धान उत्पादनतर्फ आकर्षित भएको लामिछानेले बताए । '२५ हजार क्विन्टल खरिद गर्ने लक्ष्य रहेको मध्यम धान हालसम्म १९ हजार क्विन्टल भन्दा बढी खरिद गरिसकेका छौं, हामीले २५ हजार भन्दा बढी खरिद गर्न सक्दैनौं ।' लामिछानेले भने, 'हामीले निर्धारण गरेको लक्ष्य पूरा भइसकेपछि कोही किसान मध्यम धान बिक्री गर्न इच्छुक भए मोटा धानको मूल्यमा खरिद गर्न सक्छौं तर मध्यम धानको मूल्यमा खरिद गर्न सक्दैनौं ।' गत वर्ष ५१ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको नेपालगन्ज कार्यालयले जम्मा आठ हजार क्विन्टल धान खरिद गरेको थियो । 'गत वर्ष हामीले ५१ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएका थियौँ, लक्ष्यभन्दा निकै कम जम्मा आठ हजार क्विन्टल मात्र खरिद गर्न सक्यौँ ।' लामिछानेले भने, ।

बाँकी ३ पेजमा...

## राजश्वको टोली आउँदा बजार बन्द ब्यापारी भागाभाग

नमस्ते समचारदाता
रुकुमपश्चिम, मंसिर/२१



आन्तरिक राजस्व कार्यालय दाङको एक टोली रुकुमपश्चिम आइपुग्दा यहाँका केही व्यापारीहरुले पसल बन्द गरेका छन् । बिहीबार मुसीकोट नगर पालिका -४ का सोलाबाङ्का केही व्यापारीहरुलाई जरिवाना र केही व्यापारीको कागजात नियन्त्रणमा लिएको टोली शुक्रबार आठबिसकोट पुगेको छ । शुक्रबार राजश्व कार्यालयको टाली आठबिसको आउदैछ भन्ने थाहा पाए पछि त्यहाँका ब्यापारीहरुले बिहानैबाट आठबिसकोट नगरपालिका -९ को राडि बजारमा रहेका अधिकांश पसल बन्द गरेका एक स्थानीयले बताए । आन्तरीक राजश्वको टोली पुगेको खबरपछि प्रायः व्यापारीहरुले पसल बन्द गर्ने गरेको रुकुम उद्योग वाणिज्य संघका अध्यक्ष पलबहादुर खड्काले बताएका छन् । खड्काका अनुसार कारबाही तथा जरिवानामा परिने डरले करको टोली आएको बेला केही व्यापारीहरुको भागाभाग हुने गरेको छ । अध्यक्ष खड्काले रित पूर्वक कारोबार नगरेका केही व्यवसायीहरुले डर मानेर व्यवसाय बन्द गर्नुभन्दा आवश्यक परामर्श लिई आवश्यक कागजात राख्ने प्रक्रिया सिक्नुपर्ने बताए । उद्योग वाणिज्य संघ आठबिसकोटका अध्यक्ष दिनेश चन्दले करको टोली आएको खबरपछि व्यापारीहरुमा हाउगुजी हुने गरेकोले बन्द गरेको बताउछन् । सचेतना तथा नियमति अनुगमनमा आएको करको टोलीसँग व्यवसायीहरु डराउन नपर्ने उनको भनाइ छ । कर कार्यालयको टोलीसँगको सल्लाह बमोजिम शुक्रबार नै करसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन समेत गरेको चन्दले जानकारी गराए । बिहीबार मापदण्ड पूरा नगरेका केही व्यवसायीहरुलाई जरिवाना र कागजात जफत गरेको हल्ला सुनेपछि व्यापारीहरु डराएर पसल बन्द गरेको उनको भनाइ छ । आन्तरिक राजस्व कार्यालय दाङका प्रमुख श्रीधर टण्डनले चार जना कर अधिकृत सहितको टोली रुकुम गएको बताए । उनले करसम्बन्धी सचेतना, अनुगमन तथा नियमनको क्रममा टोली फिल्डमा गएको जानकारी गराउँदै व्यापारीहरुले डराएर पसल बन्द गर्नुभन्दा पनि आवश्यक परामर्श दिने मौकाका रुपमा लिनुपर्ने उनको भनाइ छ । फिल्डबाट टोली फर्किएर प्रतिवेदन पेश गरेपछि मात्र कारबाही तथा जरिवानाको विवरण उपलब्ध गराउने उनले जानकारी दिए ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

## कुलमान घिसिङद्वारा विद्युत आयोजनाको निरीक्षण

नमस्ते समचारदाता
नेपालगन्ज, मंसिर/२१



नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बाँकेमा सञ्चालनमा रहेका र निर्माणाधीन विभिन्न विद्युत सम्बन्धी आयोजनाको स्थलगत निरीक्षण तथा अनुगमन गरेका छन् । एक कार्यक्रमका लागि नेपालगञ्जमा आएका कार्यकारी निर्देशक घिसिङले विद्युत प्राधिकरणको लुम्बिनी प्रदेश डिभिजन कार्यालय नेपालगञ्जले कोहलपुरमा निर्माण गरेर सञ्चालनमा ल्याएको ट्रान्सफर्मर वर्कशप लगायत अन्य आयोजनाको निरीक्षण गरेका हुन् । लुम्बिनी प्रदेश डिभिजन कार्यालय नेपालगञ्जका प्रमुख राजीवकुमार सिंहका अनुसार कार्यकारी निर्देशक घिसिङले प्रदेश डिभिजन कार्यालय अन्तर्गतका बाँके, बर्दिया, दाङ, रोल्पा, रुकुम र प्युठानमा बिग्रिएका ट्रान्सफर्मर मर्मत सम्भारका लागि कोहलपुर नगरपालिका वडा न १० रामनगर स्थित निर्माण गरिएको ट्रान्सफर्मर वर्कशपको निरीक्षण तथा अनुगमन गरे । घिसिङले आफू नेपालगञ्जमा आएपछि कोहलपुरमा ट्रान्सफर्मर वर्कशपको निर्माण गरेर सञ्चालनमा ल्याएको जनाउँदै अहिले डिभिजन कार्यालय अन्तर्गतका ६ जिल्ला मात्र नभई कर्णाली प्रदेशका ट्रान्सफर्मरहरु समेत कोहलपुरमै मर्मत सम्भार भइरहेको बताए । कार्यकारी निर्देशक घिसिङले कोहलपुर ग्रिड, बाँकेको जानकी गाउँपालिका ५ बकसपुरमा कोहलपुर-नेपालगञ्ज १३२ केभी प्रसारण लाइन आयोजना अन्तर्गत रहेको १३२-३३ केभी सबस्टेशनको निर्माणस्थलको समेत स्थलगत निरीक्षण अनुगमन गरे । अनुगमनका क्रममा उनले आयोजनाको काममा तीव्रता दिन निर्देशन दिए । उनले सो अवसरमा जनतालाई गुणस्तरीय विद्युत सप्लाई गर्ने कुरामा विशेष ध्यान दिन पनि निर्देशन दिएका छन् ।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

# इलन मस्कको नजर नेपालतिर



सजना बराल

विश्व प्रसिद्ध क्रेडिट रेटिङ संस्था 'फिच रेटिङ्स' ले नेपाललाई 'डबल-बी माइनस' अर्थात् भारतभन्दा अलिकति मात्रै तल सार्वभौम रेटिङ दिएको चर्चाबीच प्रधानमन्त्री केपी शर्मा ओलीले अघिल्लो शुक्रबार एक रोचक तस्बिर सामाजिक सञ्जालमा पोस्ट गरे । पोस्ट भएको केही समयमा उत्सुकता, हँसीमजाक र चासोको विषय बनेको उक्त तस्बिरमा ओली विश्वकै धनाढ्य अर्बपति इलन मस्कसँग भिडियो कन्फरेन्समा कुराकानी गरिरहेका देखिन्छन् । 'अहिले एलन मस्कसँग कुरा गरिरहेको छु' भन्दै ओलीले गरेको पोस्टमा फेसबुकमा मात्रै ७ हजारभन्दा बढी प्रतिक्रिया छन् । त्यसयता मस्कको नेपालमा के-कस्ता 'इन्टरेस्ट' हुन सक्छन्, उनले नेपाललाई दिएको महत्त्वको अर्थ के हुन सक्छ, यसबाट नेपाललाई लाभ-हानि के होला भन्ने विषयमा अनेक विश्लेषण र जिज्ञासा फैलिएका छन् । अमेरिकी राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्पसँग मस्कको पछिल्लो घनिष्टताका कारण उनको व्यवसायलाई समेत भूराजनीतिक कोणबाट मनग्गे अर्थ्याइएको छ । स्याटलाइटमार्फत इन्टरनेट सुविधा दिँदै आएको अमेरिकी कम्पनी 'स्टारलिंक'ले नेपालमा सेवा विस्तारका लागि सक्रिय पहल गरिरहेका बेला सो कम्पनीका संस्थापक मस्क र प्रधानमन्त्री ओलीबीच झन्डै १४ मिनेट भर्चुअल कुराकानी भएको हो । माइक्रोसफ्ट टिममार्फत भएको संवादमा टेक अर्बपति मस्कले विश्वकै सर्वोच्च शिखर सगरमाथामा स्टारलिंकको 'हाई-स्पिड' इन्टरनेट चलेको हेर्ने आफ्नो ठूलो इच्छा भएको बताएका थिए । स्टारलिंकका लागि नेपालमा रहेका नीतिगत र व्यावहारिक अवरोध फुकाउन मस्कले विशेष अनुरोध गरेको ओलीका सूचना प्रविधि विज्ञ असगर अलीले जानकारी दिए । ओली-मस्क संवादका लागि अलीले नै स्टारलिंकको ग्लोबल लाइसेन्सिङ प्रमुख रेबेका स्लिक हन्टरमार्फत तारतम्य मिलाएका थिए । केही समयअघि काठमाडौं आएकी रेबेकाले यहाँस्थित अमेरिकी दूतावासको सहयोगमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङ र प्रधानमन्त्री ओलीलाई भेटेर स्टार लिंकले कसरी काम गर्छ भन्ने 'डेमो' प्रस्तुत गरेकी थिइन् । यसअघि उनले भुटानका प्रधानमन्त्री छिरिङ तोब्गेलाई पनि यस्तै 'ब्रिफ' गरेकी थिइन् । दक्षिण एसियाली देशमध्ये भुटान र नेपालमा मात्रै स्टारलिंक आउने/नआउने तय हुन बाँकी छ । मस्कले स्टारलिंक सेवा विस्तारबारे कुरा राख्दा प्रधानमन्त्री ओलीले त्यसलाई रातो कार्पेटले स्वागत गरिने तर पहिलो चरणमा आन्तरिक अध्ययनपछि निर्णय लिइने प्रतिक्रिया दिएको सो संवादका बेला उपस्थित अलीले जानकारी दिए । 'नयाँ प्रविधि भित्र्याउने विषयमा नेपाल सरकार सकारात्मक रहेको र मस्कजस्ता प्रविधि क्षेत्रका अग्रणी व्यक्तिलाई रातो कार्पेट बिछ्याएरै स्वागत गर्न चाहन्छौं भनेर हाम्रा प्रधानमन्त्रीले बताउनुभएको थियो,' अलीले भने, 'यस विषयमा अध्ययन गरेर अघि बढ्ने उहाँले मस्कलाई स्पष्ट पार्नुभयो । मस्कले चाहिँ माउन्ट एभरेस्टमा स्टारलिंक चलेको हेर्ने इच्छा छ भनेका थिए ।' सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री गुरुङले भने स्टार लिंकले नेपालमा सेवा विस्तार गर्न नेपालको कानुन मान्नुपर्ने बताएका छन् । उनले कान्तिपुर टेलिभिजनको 'फायर साइड' कार्यक्रमको पछिल्लो अंकमा जुनसुकै लगानीकर्ता ऐन/कानुनअनुसार आउनुपर्ने र त्यसरी आए पनि स्वीकृति दिने/नदिने विषय सरकारले निर्णय गर्ने बताएका थिए । दूरसञ्चार तथा इन्टरनेट सेवामा अधिकतम विदेशी लगानी ८० प्रतिशत र बाँकी २० प्रतिशतका लागि स्थानीय साझेदार हुनुपर्ने कानुनी व्यवस्था छ । शतप्रतिशत विदेशी लगानीका साथ स्टारलिंक नेपाल आउन सम्भावना नरहेको मन्त्री गुरुङको भनाइ छ । तथापि, यस विषयमा सरकारले अध्ययन समिति बनाएर अघि बढ्ने तय गरेको छ ।



*– मस्क-ओली संवाद हालखबर सोध्ने औपचारिकता वा ठट्टामा मात्रै सीमित थिएन । मस्कले विश्वकै सर्वोच्च शिखर सगरमाथामा स्टारलिंकको 'हाई-स्पिड' इन्टरनेट चलेको हेर्ने ठूलो इच्छा रहेको बताएका थिए । विश्वका ११३ देश पुगिसकेको स्टारलिंक किन नेपाल आउन चाहन्छ ? उसलाई यहाँबाट हुने फाइदा के हो ?*

*– नेपालको आफ्नै भूउपग्रह स्थापनाको रहर पनि मस्कका लागि चासोको अर्को पाटो हुन सक्छ । स्पेसएक्सले नेपालजस्तै साना र आफ्नै अन्तरिक्ष एजेन्सी नभएका देशमा काम गरेर सन् २०२३ मा लगभग ४ अर्ब अमेरिकी डलर कमाएको थियो ।*

**ठूला डेटा सेन्टरमा लगानी गर्न आग्रह**

ओलीसँगको संवाद क्रममा मस्कले नेपालको स्वास्थ्य र शिक्षा क्षेत्रमा प्रविधिको 'इन्टरभेन्सन' मार्फत आफूले केही गर्न चाहेको पनि बताएका थिए । ओलीले भने नेपाल प्राकृतिक रूपमा सन्तुलित मौसम र तुलनात्मक हिसाबले कम गर्मी हुने 'न्याचुरल एसी' जस्तो ठाउँ भएकाले यहाँ ठूला क्षमताका 'डेटा सेन्टर' जस्ता संरचना निर्माण गर्न उपयुक्त हुने सुझाव दिएका थिए । नेपालमा विद्युतीय ऊर्जाको राम्रो उपलब्धता भएका कारण यस्ता संरचना सञ्चालन गर्न सहज हुने प्रधानमन्त्री ओलीको भनाइको प्रतिउत्तरमा मस्कले उत्सुकतापूर्वक प्रश्न गरेको अलीले बताए । संवादका क्रममा ओलीले ठट्यौलो शैलीमा नवनिर्वाचित अमेरिकी राष्ट्रपति ट्रम्पलाई जिताउन मस्कले गरेको प्रयास सफल भएकोमा बधाई दिएका थिए । प्रतिउत्तरमा मस्कले लामो हाँसो हाँसे पनि कुनै जवाफ दिएनन् । नेपाल भ्रमणको निम्तोमा भने उनले त्यस विषयमा आफूले सोच्ने प्रतिक्रिया दिए । विश्वभर व्यापारिक साम्राज्य फैलाउन लागिपरेका मस्कको ओलीसँगको यो संवाद हालखबर सोध्ने औपचारिकता वा ठट्टामा मात्रै सीमित थिएन । उनको विशेष जोड स्टारलिंकको सेवा नेपालमा सुरु गर्ने र यसलाई आवश्यक एन्टेना, राउटर, केबलसहितको हार्डवेयर किट बिक्रीका लागि नेपाल आउन चाहेको विषयमा रहेको बुझिन्छ । तर, विश्वका ११३ वटा देशमा पुगिसकेको स्टारलिंक किन नेपाल आउन चाहन्छ ? उसलाई यहाँबाट हुने फाइदा के हो ? राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षसमेत रहेका अर्थशास्त्री विश्व पौडेलको बुझाइमा बजार आकारको हिसाबले मस्कका लागि नेपाल ठूलो आर्थिक फाइदा लिने ठाउँ नभए पनि यो पहल ब्रान्डको अन्तर्राष्ट्रिय उपस्थिति देखाउने रणनीति हुन सक्छ । 'स्टारलिंकजस्ता कम्पनीले 'हामी विश्वका यति देशमा उपस्थित छौं' भनेर देखाउन चाहन्छन्,' उनले भने, 'नयाँ बिजनेस आइडियामा काम गरिरहेका बेला उद्यमीहरूलाई देश गन्ने जोस पनि हुन्छ । मस्कको पनि यस्तै जोस हुनुपर्छ ।' पौडेलका अनुसार स्टारलिंकजस्तो परियोजनाले नेपाललाई घाटा नगरे पनि विशेष फाइदा भने हुँदैन । तर, इलनकै विद्युतीय सवारी निर्माण गर्ने कम्पनी टेस्ला नेपाल आएमा त्यसले हामीलाई ठूलो लाभ दिन्छ । 'दुई सय देशमा कोकाकोला छ, हामी पनि त्यहीमध्ये एउटा हौं भन्दा खासै ठूलो भ्याल्यु भएन तर टेस्लाजस्ता विशेष परियोजनामा विदेशी लगानी भित्र्याउन सके त्यसले विश्वव्यापी रूपमै नेपालको बजारबारे सकारात्मक सन्देश प्रवाह गर्छ,' अर्थशास्त्री पौडेलले भने, 'वारेन बफेट, मोर्गन स्ट्यान्लीदेखि अडानी, अम्बानी वा चिनियाँ बिजनेसम्यानजस्ता लगानीकर्ता वा जसले विशेष क्षेत्रलाई लक्षित गरेर व्यवसाय विस्तार गर्छन्, रोजगारी सिर्जना गर्ने कम्पनी निर्माण गर्छन्, उनीहरूलाई नेपालमा ल्याउन सके यसको प्रभाव दीर्घकालीन हुन्छ । स्टारलिंकजस्ता सबै देशमा जाने परियोजनाको सिग्नल भ्याल्यु तुलनात्मक रूपमा कम हुन्छ । तथापि, यो आउँदा हामीलाई घाटा हुँदैन ।' नेपालमा स्टार लिंकको सेवा विस्तार गर्ने मस्कको निर्णयले सीमित प्रभाव पारे पनि यसलाई नेपालमा थप ठूला लगानीकर्ता आकर्षित गर्ने अवसरको थालनीका रूपमा लिन सकिने पौडेलले औंल्याए । राम्रो विदेशी मुद्रा सञ्चितिजस्ता अनुकूलताका कारण विदेशी लगानीकर्ता आकर्षिक गर्न अहिले उचित समय भएको उनको भनाइ छ । 'नेपालमा ४० र ५० को दशकमा बेलायती बहुराष्ट्रिय बैंक स्ट्यान्डर्ड चार्टर्डदेखि अमेरिकाको इस्टम्यान कोडाक कम्पनी, भारतका डाबर, युनिलिभरजस्ता ठूला कम्पनी भित्र्याउन सकेका थियौं,' उनले भने, 'अहिले हाम्रा अदालत, मन्त्रालय, अख्तियारजस्ता निकाय, सरकार र प्रतिपक्षले एउटै गतिमा पाइला चलाउन सकेनन् । एउटाले अर्कोलाई रोक्ने कुरामा प्रतिस्पर्धा गर्दा जनता उचाल्ने प्रवृत्ति हाबी भयो । मूलतः एक-अर्कासँग झगडा गर्ने छविबाट हामी नउत्रिएकाले अपेक्षित विदेशी लगानी आउन सकेको छैन ।' सरकारले पूर्वाधार विकासमा ध्यान दिएर अघि बढ्ने र मस्कजस्ता ठूला जोकोही लगानीकर्ताले इच्छा देखाउनासाथ एकदम सजिलोसँग र उदारताका साथ आउन र मुनाफा लैजान दिने वातावरण निर्माण गर्नुपर्ने पौडेलको सुझाव छ । विदेशी लगानी आउनुअघि नै बखेडा झिक्ने, लगानीकर्ताले आफ्नो देशमा झेलिरहेको समस्या खोतलेर दानवीकरण गर्ने प्रवृत्तिका कारण छिमेकी देशकै उद्यमीसमेत नेपाल आउन नसकिरहेको समेत उनले टिप्पणी गरे । सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा कहलिएका उद्यमी सञ्जय गोल्छा पनि नेपालमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने विषयमा खुबै चर्चा हुने गरे पनि विदेशी लगानीकर्तालाई सताउने प्रवृत्ति रहेको बताउँछन् । गोल्छाले स्टारलिंक विशेषमा भने 'डिस्रप्टिभ टेक्नोलोजी' आउनु राम्रो भए पनि सही तरिकाले र प्रतिस्पर्धालाई ध्यानमा राखेर भित्र्याउनुपर्ने औंल्याए । 'हामीकहाँ अहिले नै खर्बौं लगानी गरेका र हजारौंलाई रोजगारी दिइरहेका दूरसञ्चार र इन्टरनेट सेवा प्रदायक कम्पनी छन्, नयाँ प्रविधि भित्र्याउँदा यसलाई पनि मध्यनजर गर्नुपर्छ,' उनले भने, 'तर, भौगोलिक र आर्थिक जटिलताका कारण फाइबर नेटवर्क र माइक्रोवेभ पुऱ्याउन कठिन हाम्रा ग्रामीण भेगमा स्याटलाइट इन्टरनेट राम्रो विकल्प हुन सक्छ । यी दुवै विषयलाई मनन गरेर सरकारले सही निर्णय लिनुपर्छ ।' मस्कलाई स्टारलिंकमा सीमित नभई नेपालको सूचना प्रविधि क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्न सके नेपालको अन्तर्राष्ट्रिय ब्रान्डिङमा समेत मद्दत मिल्ने उनले औंल्याए । देशको सबैभन्दा ठूलो इन्टरनेट सेवा प्रदायक वर्ल्डलिंकका प्रबन्ध निर्देशक दिलीप अग्रवाल भने मस्कको स्टारलिंक नेपाल भित्र्याउन आफूले लबिइङ नै गर्दै आएको बताउँछन् । बिहीबार फिनल्यान्डको कम्पनी फिनफन्डबाट १ करोड युरो विदेशी लगाउनी भित्र्याउन सम्झौता गरेको सन्दर्भमा आयोजित कार्यक्रममा अग्रवालले नेपालका फोक्सुन्डो जस्ता जटिल भौगोलिक क्षेत्रमा स्टारलिंकको सेवा अपरिहार्य रहेको धारणा राखेका थिए । 'जहाँ हामी टावर हाल्न सक्दैनौं, त्यो ठाउँमा स्टारलिंकले राम्रो र भरपर्दो सेवा दिन सक्छ,' उनले भने, 'हामी स्टारलिंकसँग डराउँदैनौं, बरु स्वागत गर्न चाहन्छौं । नयाँ प्रविधिलाई छेक्न मिल्दैन ।' अहिलेलाई स्टारलिंक इन्टरनेटको शुल्क मासिक करिब १५ हजार रुपैयाँ भए पनि 'ब्रोडब्यान्ड' बाँडेर प्रयोग गर्दा उपयुक्त हुने विकल्प रहेको उनी बताउँछन् ।

**व्यवसाय विस्तारको महत्त्वाकांक्षा**

मस्कका व्यवसायहरू अमेरिकाकेन्द्रित देखिए पनि उनको व्यावसायिक उपस्थिति र महत्त्वाकांक्षा भने विश्वव्यापी तहको छ । मुख्यतया टेस्लाजस्ता कम्पनीमार्फत विद्युतीय सवारी, स्पेसएक्समार्फत स्याटलाइट र अन्तरिक्षसम्बन्धी व्यापार, स्टार लिंकमार्फत इन्टरनेट र अहिले नवीकरणीय अनि सौर्य ऊर्जामा समेत उनले व्यवसाय बढाउँदै लगेका छन् । मस्कका कम्पनीमा झन्डै १ लाख २० हजार व्यक्ति काम गर्छन्, जसको ठूलो हिस्सा अमेरिका बाहिरको छ । झन्डै ५० भन्दा बढी देशमा प्रत्यक्ष र औपचारिक व्यावसायिक उपस्थिति भएका उनका कम्पनीले चीन र जर्मनीजस्ता देशमा 'गिगाफ्याक्ट्री' भनिने टेस्ला उत्पादन केन्द्रहरू राखेका छन् । अस्ट्रेलिया, बेलायत, नर्वेलगायत देशमा टेस्लासँगै नवीकरणीय र सौर्य ऊर्जाका क्षेत्रमा पनि मस्कका कम्पनी व्यवसाय विस्तारको क्रममा छन् । नेपालका उत्तरी र दक्षिणी दुइटै छिमेकी देशसँग मस्कको बलियो व्यावसायिक सम्बन्ध छ । आफ्नो कम्पनीको आम्दानीको झन्डै २२ प्रतिशत हिस्सा उनले चीनबाट कमाउँछन् । उनले चीनको सांघाईमा टेस्लाको गिगाफ्याक्ट्री राखेका छन्, जहाँ वार्षिक १० लाख गाडी उत्पादन हुने क्षमता छ । चीनसँगको व्यापार बढाउन उनी बारम्बार चीन जाने-आउने गर्छन् । उनले चीनसँगको व्यापारिक सम्बन्धलाई विशेष महत्त्व दिएको प्रस्टै देखिन्छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग पनि मस्कले भेटघाट बाक्लो बनाएका छन् । मोदी अमेरिका पुग्दा पनि भेटघाटमा प्रायः मस्क छुट्दैनन् । गुजरातमा बन्ने टेस्लाको उत्पादन केन्द्रको काम पनि मस्कले अघि बढाएका छन् । यसका लागि गुजरात सरकारले १ हजार हेक्टर जमिन उपलब्ध गराउने प्रस्ताव अघि सारेको 'द इन्डियन एक्सप्रेस' ले जनाएको छ । चीन र भारत दुइटै देशसँग स्पेसएक्सका विभिन्न प्रविधिमा सहकार्य र व्यावसायिक सम्बन्ध विस्तार गरेका मस्क अब स्टारलिंकलाई पनि यो क्षेत्रमा ल्याउन विशेष लालायित देखिन्छन् । पछिल्ला दिन राजनीतिक रूपमा समेत प्रभावशाली बन्दै गएका मस्क विकासशील देशमा पनि उपस्थिति बढाउन इच्छुक देखिएका हुन् । 'इलन मस्क फाउन्डेसन' र 'गिभिङ प्लेज' मार्फत उनले ऊर्जा र प्राविधिक सहयोगको क्षेत्रमा काम गर्ने घोषणा गरेका छन् । केन्याका ५ स्टार्टअपलाई 'आर्टिफिसियल इन्टेलिजेन्स' र इन्टरनेट प्रविधिमा काम गर्न झन्डै ३० मिलियन अमेरिकी डलर दिने विषयमा उनले प्रतिबद्धता नै जनाइसकेका छन । इन्डोनेसिया र दक्षिण अफ्रिकासँगै जर्मनीका विभिन्न प्रविधिसम्बन्धी स्टार्टअपमा लगानी गर्ने तयारी सुरु गरेका छन् । अत्यन्तै आत्मकेन्द्रित र मुडी स्वभावका मानिने मस्कले आफ्ना व्यवसायलाई साना तथा अल्पविकसित देशसम्म विस्तार गर्ने प्रयास थालेका छन्, जसलाई बजारको सम्भावना, आपूर्ति संयन्त्रमा प्रभाव बढाउने प्रयास र विश्वव्यापी बोलवाला बढाउने कदमका रूपमा बुझ्न सकिन्छ । विश्वकै धनाढ्य भएर पनि अत्यन्तै विकसित र सहरी क्षेत्रमा सीमित उनको बजार शिक्षा र स्वास्थ्य प्रविधिमार्फत विश्वव्यापी बन्ने प्रयत्नमा छ । स्वास्थ्य प्रविधिसम्बन्धी उनको कम्पनी 'न्युरालिंक' ले मानव मस्तिष्कमा चिपको प्रयोगमार्फत गम्भीर स्वास्थ्य समस्याको समाधान गर्ने दाबी गर्दै आएको छ । मस्ककै पहलमा स्टार लिंकले इन्डोनेसियाका कतिपय स्थानमा स्वास्थ्य केन्द्र बनाएको छ । गएको मे १९ मा इन्डोनेसियाका स्वास्थ्यमन्त्री बुडी गुनादी सादिकिन र मस्कले ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा र शिक्षा प्रवर्द्धन गर्ने भन्दै डेनपसार सहरमा स्टारलिंक सेवा शुभारम्भको घोषणा गरेका थिए । त्यस्तै, उनले आफ्नो 'ग्लोबल लर्निङ एक्सप्राइज' मार्फत तान्जानियाका १५० गाउँमा प्रविधि शिक्षाको पहल गरेका छन् । प्रधानमन्त्री ओलीसँगको कुराकानीमा उनले नेपालको स्वास्थ्य र शिक्षा प्रविधिमा काम गर्न चाहेको बताएको दाबी गरिएको छ, जुन पछिल्ला दिन उनको कम्पनीका यी पहलसँग मिल्दाजुल्दा हुन सक्छन् । स्रोतसाधनकै कमी भएको गरिब देशमा विद्यालय, अस्पताल बनाउनु नराम्रो नभए पनि यसले हामीलाई लगानीका लागि प्रतिस्पर्धी बजारका रूपमा 'प्रमोट' नगर्ने अर्थशास्त्री पौडेल बताउँछन् । 'हामीलाई चाहिएको दान होइन, लगानी हो,' उनले भने ।

# सुदूरपश्चिम महोत्सव १८ औँ संस्करण भोलिदेखि, तयारी पूरा

■ नमस्ते समचारदाता
धनगढी, मंसिर/२१




'सुदूरपश्चिम महोत्सव' १८ औँ संस्करण भोलिदेखि पुष २ गतेसम्म धनगढीमा हुने भएको छ। कैलाली उद्योग वाणिज्य सङ्घको आयोजनामा सुदूरपश्चिमको पर्यटन, कृषि, उद्योग, व्यापारको विकास तथा विस्तारका साथै संस्कृति र कलाको प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सवको आयोजना गर्न लागिएको हो। आज आयोजित पत्रकार सम्मेलनमा सङ्घका अध्यक्ष पुष्पराज कुँवरले महोत्सवको सम्पूर्ण तयारी पूरा भएको बताउनुभयो। महोत्सवस्थलमा स्टेज, स्टल, सचिवालय कक्ष तथा प्रदर्शनीस्थल निर्माणलगायतका विभिन्न कार्यहरु सम्पन्न भइसकेका छन्। यस क्षेत्रका समग्र सम्भावना उजागर गरी आर्थिक, सामाजिक प्रतिकूलता र विषम सामाजिक परिस्थितिबाट गुज्रिरहेको उद्योग व्यवसायलाई पुनःस्थापित गर्न महोत्सव उपलब्धिमूलक हुने अध्यक्ष कुँवरको भनाइ छ। महोत्सवमा बृहत् व्यावसायिक कृषि प्रदर्शनी र कृषि प्रविधिलाई व्यवसायमा जोड्नका लागि विशेष जोड दिइने छ। महोत्सव आयोजना गर्न तीन करोड लागत लाग्ने र १५ करोड बराबरको कारोबार हुने अनुमान गरिएको छ। यस्तै, यस वर्षको महोत्सवमा करिब पाँच लाख व्यक्तिले अवलोकन गर्ने अनुमान गरिएको छ। महोत्सवमा कृषि, जडीबुटी, हस्तकला, फर्निचर, अटोमोबाइल्स, गारमेन्ट, इलेक्ट्रोनिकल, होटल र सूचना प्रविधि गरी पाँच सय ३१ वटा स्टल रहेका छन्। समृद्ध सुदूरपश्चिम बनाउने अभियानअन्तर्गत १८ औँ संस्करणको रुपमा यो महोत्सव आयोजना गर्न लागिएको सङ्घका महासचिव ओम विष्टले बताउनुभयो। सधैँका संस्करणमा झै यस पटक पनि महोत्सवमा बिक्री हुने टिकटको केही रकम सामाजिक कार्यका लागि छुट्टाइएको उहाँको भनाइ छ। महोत्सव अवलोकनको लागि विद्यार्थीलाई ५०, र अन्यलाई एक सय राखिएको छ भने ज्येष्ठ नागरिक र फरक क्षमता भएकालाई प्रवेश निःशुल्क गरिने छ। महोत्सवको मुख्य प्रायोजक कृषि विकास बैंक, संरक्षक नेपाल उद्योग वाणिज्य महासङ्घ र नेपाल उद्योग वाणिज्य महासङ्घ सुदूरपश्चिम प्रदेश, मुख्य प्रवर्द्धक सुदूरपश्चिम प्रदेश सरकार र प्रवर्द्धकका रुपमा कैलाली जिल्लाका सम्पूर्ण स्थानीय तह रहेका छन्। महोत्सवलाई भव्यरुपमा सम्पन्न गर्न मूल आयोजक समितिसहित २९ उपसमिति रहेका छन्।

# उज्यालो सहर बनाउने अभियान

■ नमस्ते समचारदाता
बुटवल, मंसिर/२१



लुम्बिनी प्रदेशको मुख्य व्यापारिक केन्द्र बुटवललाई उज्यालो सहर बनाउने अभियान थालिएको छ। बुटवलको मुख्य मुख्य चोकमा २३ वटा 'हाइमास्ड लाइट' जडान गरी उज्यालो सहर बनाउने अभियान थालिएको हो। बुटवल उपमहानगर पालिकाका प्रमुख खेलराज पाण्डेयले बुटवललाई सफा, स्वच्छ, हरियाली, उज्यालो र सुरक्षित सहरका रूपमा विकास गर्ने उद्देश्यले २३ वटा हाइमास्ड लाइट तथा सिसिटिभी जडान गर्ने काम भइरहेको बताउनुभयो। हाइमास्ड लाइटसँगै बुटवलका मुख्य तीन चोकमा ट्राफिक लाइट जडान गर्ने कार्यसमेत सुरु भएको छ। बुटवल उपमहानगर पालिका-११, कालिकानगरस्थित कालिका चोकमा ट्राफिक लाइट जडान कार्य सुरु भएको हो। उपमहानगरपालिकाले आफ्नो लगानीमा बुटवलको बढी भिडभाड हुने कालिकानगरस्थित कालिका चोक, मिलन चोक र ट्राफिक चोकमा ट्राफिक लाइट जडान गर्न लागिएको भन्दै नगरप्रमुख पाण्डेयले आगामी दिनमा आवश्यकता अनुसार अन्य ठाउँमा पनि ट्राफिक लाइट जडान गरिने बताउनुभयो। सडक सुरक्षालाई ध्यानमा राखी उपमहानगर पालिकाले पहिलो चरणमा सडकमा छाडिएका छाडा चौपायाको व्यवस्थापन गर्ने कार्य अगाडि बढाएको समेत जनाएको छ। लुम्बिनी प्रदेश राजमार्ग सुरक्षा तथा सवारी व्यवस्थापन कार्यालय बुटवलका प्रमुख प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीले दुर्घटना न्यूनीकरणमा ट्राफिक लाइटको महत्वपूर्ण भूमिका रहने भन्दै यसले कम जनशक्तिबाट धेरै काम गर्न सकिने बताउनुभयो। बुटवलको कालिका चोकमा विगतमा धेरै दुर्घटना भएको भन्दै उहाँले ट्राफिक लाइट जडानपछि दुर्घटनामा कमी आउने विश्वास व्यक्त गर्नुभयो। उपमहानगरपालिकाको योजना अनुसार ५५ लाख पाँच हजार रुपियाँको लागतमा कालिका चोकसँगै मिलन चोक र ट्राफिक चोकमा ट्राफिक लाइट जडानका लागि क्युसेरा मल्टिपर्पोज प्रालि काठमाडौँसँग ठेक्का सम्झौता भएको छ। यसै गरी बजारको सुरक्षाका लागि करिब ५२ लाख रुपियाँको लगानीमा बुटवलको वडा नं. ४, ५, ६ र ९ को बसपार्क क्षेत्रमा १२५ वटा सिसिटिभी क्यामरा जडान गर्ने कार्य भइरहेको छ। ट्राफिक लाइट जडान गर्ने काम तीन महिनाभित्रमा सम्पन्न हुने बताइएको छ। बुटवलका नगरप्रमुख पाण्डेयले देशकै मध्यभागमा अवस्थित बुटवल सहरलाई उज्यालो, सफा, स्वच्छ, सुन्दर र हराभरा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने योजना अनुसार मुख्य राजमार्गमा विशेष सरसफाइ अभियान चलाइएको बताउनुभयो।

# महिला सशक्तीकरण कार्यक्रम सुरु

■ नमस्ते समचारदाता
सुर्खेत, मंसिर/२१



कर्णाली प्रदेशमा महिला घरमूलीको संख्या अरू प्रदेश भन्दा कम पाइएको छ। केन्द्रीय तथ्याङ्क कार्यालयको तथ्याङ्क अनुसार कर्णाली प्रदेशका तीन लाख ६६ हजार २५५ घरधुरीमध्ये महिला घरमूलीको संख्या ३२ प्रतिशत मात्रै रहेको पाइएको हो। पुरुष घरमूली ६८ प्रतिशत भएकाले घरमूलीका रूपमा अझै पनि महिलालाई अगाडि ल्याउन नसकिएको देखिएको छ। जनगणना २०७८ अनुसार कर्णालीको जनसंख्या १६ लाख ८८ हजार ४१२ छ। जसमा पुरुष ४९ प्रतिशत र महिला ५१ प्रतिशत छन्। महिलाको जनसंख्या बढी भए पनि घरमूली महिला ३२ प्रतिशत मात्रै देखिएकाले महिलालाई आर्थिक, सामाजिक रूपमा सशक्त गराउन युएन वुमन, युरोपियन युनियन, युनिसेफ र अन्तर्राष्ट्रिय श्रम सङ्गठनलगायतले कर्णालीमा 'समृद्ध महिला समृद्ध नेपाल' कार्यक्रम लागु गरेका छन्। चारबर्से कार्याविधमा सो कार्यक्रममार्फत सामाजिक लैङ्गिक विभेद, पारिवारिक अर्थतन्त्र तथा महिला सशक्तिकरण र महिला नेतृत्व विकास तथा सुशासन र समावेशीका पक्षमा काम गर्ने जनाइएको छ। संयुक्त राष्ट्रसङ्घीय नियोगका कार्यक्रम अधिकृत सङ्गीता यादवले महिलाको अवस्था कमजोर भएको पाइएपछि 'समृद्ध महिला समृद्ध नेपाल' कार्यक्रमबाट उनीहरूको सशक्तिकरण गरिने बताउनुभयो। यो कार्यक्रम कर्णालीका १० वटा पालिकामा लागु गरिएको छ। सुर्खेतबाट वीरेन्द्रनगर नगरपालिका र चौकुने गाउँपालिका, दैलेखका नारायण, दुल्लु नगरपालिका, भैरवी र महाबु गाउँपालिका, कालिकोटको खाँडाचक्र नगरपालिका तथा रुकुमपश्चिमको सानीभेरी गाउँपालिका र डोल्पाको ठुलीभेरी नगरपालिकामा यो कार्यक्रम लागु गरिएको छ। कर्णालीमा श्रमशक्तिमा महिला सहभागिता दर ६८ प्रतिशत रहेको छ। यस्तै कर्णालीबाट वैदेशिक रोजगारीमा जाने २३ प्रतिशत छन्। जसमा महिला १८ प्रतिशत छन् भने पुरुष ८२ प्रतिशत छन्। साथै अझै पनि १३ प्रतिशतको जन्मदर्ता नभएको पाइएको यादवले बताउनुभयो। यस्तै युनिसेफका उपमा मल्लले कर्णाली प्रदेशमा बालबालिकाका पक्षमा स्थानीय तहले कोष स्थापनाको कामलाई निरन्तरता दिएको जनाउनुभयो। उहाँले हिंसापीडित बालबालिकाका पक्षमा काम गर्नका लागि प्रदेशका ७९ पालिकामध्ये ३८ पालिकामा बालकोष स्थापना भएको उल्लेख गर्नुभयो। जसमा स्थानीय तहले ५० हजारदेखि २२ लाख रुपियाँसम्म बजेट छुट्याएको छ। बजेट विनियोजन भए पनि कार्यक्रम कार्यान्वयन गर्दा बालबालिकाका पक्षमा काम गर्न केही चुनौती देखिएका छन्। बाल अधिकार समिति गठन नहुनु र बाल कल्याण अधिकारी चयन हुन नसक्दा बालकोष सञ्चालन हुन नसकेकाले पालिकाले नीति बनाएर काम गर्न आवश्यक रहेको उहाँको भनाइ छ। युएन वुमनका प्रीति श्रेष्ठले कामको बोझ पुरुषभन्दा महिलालाई बढी भएकाले अब स्याहार अर्थतन्त्रका पक्षमा बहस गर्नुपर्ने बताउनुभयो। महिलाले गर्ने घरायसी कामलाई पनि अर्थतन्त्रसँग जोड्दै महिलालाई सबल र सशक्तिकरण गर्न अपरिहार्य भएकाले 'समृद्ध महिला समृद्ध नेपाल' कार्यक्रम लागु भएको जानकारी उहाँले दिनुभयो। युरोपियन युनियनका वरिष्ठ कार्यक्रम प्रबन्धक शिव भण्डारीले कर्णालीका १० पालिकामा लैङ्गिक समानता, स्याहार अर्थतन्त्रलगायत विविध पक्षमा काम गरी महिलालाई सबल बनाउने कार्यक्रमको उद्देश्य रहेको बताउनुभयो।

## बाँकेमा...

लामिछानेले स्पष्ट पार्दै भने 'गत वर्ष सरकारले निर्धारण गरेको न्यूनतम समर्थन मूल्यभन्दा बजारमा किसानहरुले बढी मूल्य पाए र बजारका गल्ला व्यापारी र मिलहरुमा लगेर बिक्री गरे, हामीले न्यून मात्रामा खरिद गर्न सक्यौँ। गत वर्षभन्दा यस वर्ष सरकारले न्यूनतम समर्थन मूल्य पनि बढाएको र धान खरिद पनि १५ दिन अगाडिबाटै सुरु गरिएको हुँदा लक्ष्य पूरा गर्न सकिने भन्दा बढी नै धान आउँछ होला जस्तो लागेको छ। गत वर्षभन्दा यस वर्ष सरकारले पनि न्यूनतम समर्थन मूल्यमा वृद्धि गरेको छ। गत वर्षभन्दा यस वर्ष धान खरिद पनि १५ दिन अगाडिबाट सुरु गरेका छौँ। त्यसकारण यो वर्ष लक्ष्यमा सजिलै पुग्न सकिन्छ भन्ने अपेक्षा हाम्रो छ।' यो एक महिनाको अवधिमा मोटा धान ३२९०.९९ क्विन्टल र मध्यम धान १९४५७.४८ गरी २२७४८.४७ क्विन्टल धान खरिद गरेको कार्यालयका सूचना अधिकारी वरिष्ठ सहायक शिवराज घिमिरेले बताए। मोटा धानको ३ हजार ४ सय १० रुपियाँ ५१ पैसा र मध्यम धानको ३ हजार ५ सय ८० रुपैयाँ ६२ पैसा सरकारले तोकिदिएको न्यूनतम समर्थन मूल्यमा किसानसँग धान खरिद गरिरहेको घिमिरेले बताए। सूचना अधिकारी घिमिरेले भने, 'एक महिनाको अवधिमा धान बिक्री गर्नका लागि ६७१ जना किसानले स्थानीय तहको सिफारिस दर्ता गरिसक्नुभएको छ। अहिलेसम्म ४०३ जना किसानसँग धान खरिद गरिसकेका छौँ। स्थानीय तहको सिफारिसका आधारमा एक किसानसँग ८० क्विन्टलसम्म धान खरिद गर्ने गरेका छौँ।' धान खरिद गर्नुअघि किसानहरुले स्थानीय तहको सिफारिस दर्ता गर्नुपर्ने र त्यसपछि कार्यालयबाट समय तोकिएको दिनमा किसान आएर धान बिक्री गर्ने गरेको घिमिरेले बताए। धानम बिक्री गर्न आउने किसानहरुको अवस्था बारे प्रष्ट पार्दै घिमिरेले भने, 'पहिला पहिला किसानहरु १५ दिनसम्म यहाँ आएर लाइन लागेर बस्नुपर्ने बाध्यता थियो, अहिले धान ल्याउनु पूर्व नै स्थानीय तहको सिफारिस ल्याएर दर्ता गर्ने र हामीले दिएको समयमा किसानहरु आएर धान बिक्री गर्ने व्यवस्था मिलाएका छौँ।' यो एक महिनाको अवधिमा बाँकेका किसानसँग रु ८ करोड ८ लाख ९३ हजार रुपैया भन्दा बढीको धान खरिद गरेको जनाएको छ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईंहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
नेपालगञ्ज, बाँके फोन नं. ९८४८०८६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, मंगमटी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
खाँडाचक्र नगरपालिका
कालिकोट

# पर्यटन सूचना केन्द्रमा कर्मचारी आवास

नमस्ते समचारदाता
मुगु, मंसिर/२१




पर्यटकलाई सूचना प्रवाह गर्नका लागि स्थापना गरिएको मुगुको हुटुमा स्थापित पर्यटक सूचना केन्द्रलाई रारा राष्ट्रिय निकुञ्ज कार्यालयका कर्मचारीले आवासका लागि प्रयोग गर्दै आएका छन् । पर्यटकीय गन्तव्य राराताल र मुगु जिल्ला भित्रका अरू पर्यटकीय क्षेत्रको जानकारी दिने उद्देश्यले निकुञ्ज कार्यालयले मुगुको हुटुमा स्थापना गरेको पर्यटन सूचना केन्द्र आठ वर्षसम्म पनि सञ्चालनमा आउन सकेको छैन । बरु यो सूचना केन्द्र कर्मचारीको आवासका रूपमा परिणत भएको छ । रारा राष्ट्रिय निकुञ्ज कार्यालयको कार्यविधि अनुसार रारा आउने पर्यटकले सहजै सूचना पाउने उद्देश्यले २०७२ सालको मङ्सिरमा स्थापना भएको पर्यटक सूचना केन्द्र आन्तरिक व्यवस्थापनका कारणले सञ्चालनमा ढिलाइ भएको निकुञ्जको कार्यालयले जनाएको छ । रारा राष्ट्रिय निकुञ्जका कार्यालय निमित्त प्रमुख महेश न्यौपानेका अनुसार पर्यटन सूचना केन्द्र प्रयोगमा नआएको हुनाले कोठाको अभावले गर्दा कर्मचारीलाई व्यवस्थापन गर्न उक्त भवन आवासका लागि प्रयोग गरिएको बताउनुभयो । छायानाथ रारा नगरपालिका-९ का रारा राष्ट्रिय मध्यवर्ती क्षेत्रका पूर्वअध्यक्ष बिर्खबहादुर रोकायाका अनुसार हुटुमा सूचना भवन बनेको आठ वर्ष बिते पनि पर्यटन सूचना केन्द्र सञ्चालनमा आउन सकेको छैन । रारातालमा शैक्षिक भ्रमण गर्न आउने विद्यार्थी र आन्तरिक तथा बाह्य पर्यटकलाई अध्ययनका लागि सूचना केन्द्र सञ्चालनमा नआउँदा पर्यटकले राराताल र जिल्लाबारे अध्ययन गर्न नपाएको पटक पटक गुनासो आउने गरेको उहाँले बताउनुभयो । यथासक्दो पर्यटन सूचना केन्द्र सञ्चालनमा ल्याउनलाई निकुञ्ज कार्यालयलाई पटक पटक मौखिक रूपमा सुझाव दिइएको पनि उहाँले बताउनुभयो । जुम्लाको पातारासी गाउँपालिका-५ का बालकृष्ण रोकायाले रारातालमा पर्यटन सूचना केन्द्र नहुँदा शैक्षिक भ्रमणमा आएका विद्यार्थीले राराताल आसपासमा पाइने वनस्पतिका प्रजाति, चराचुरुङ्गी तथा धार्मिक स्थलबारे सामान्य जानकारी पनि पाउन नसकेको बताउनुभयो ।

# शल्यक्रिया पश्चात आँखाको ज्योती आएपछि वृद्धवृद्धा खुसी



नमस्ते समचारदाता
रुकुमपश्चिम, मंसिर/२१

रुकुमपशिचमको चौरजहारीमा ११० जना आँखाका बिरामीको मोतीविन्दुको शल्यक्रिया गरिएको छ । चौरजहारी अस्पतालमा दुई दिनसम्म चलेको निःशुल्क मोतीविन्दु शल्यक्रिया तथा आँखा उपचार शिविरमा आँखाको जाँच, औषधी वितरणका साथै आँखाको शल्यक्रिया गरिएको हो । चौरजहारी नगरपालिकाले मानव विकास तथा सामुदायिक सेवा चौरजहारी अस्पतालको समन्वय, तिलगङ्गा आँखा प्रतिष्ठान 'केयर ब्लाइन्डनेस' परियोजनाको आर्थिक तथा नेपाल रेडक्रस सोसाइटी, सुर्खेत आँखा अस्पतालको प्राविधिक सहयोगमा शिविर सञ्चालन गरिएको हो । नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत शेरप्रसाद ढकालका अनुसार शल्यक्रिया शिविर सञ्चालन गर्नुअघि विभिन्न स्थानमा रहेका स्वास्थ्य संस्थामा मोतीविन्दु छनोट शिविर सञ्चालन गरिएको थियो । उक्त शिविरबाट मोतीविन्दु पत्ता लागेका बिरामीका लागि शल्यक्रिया शिविर सञ्चालन गरिएको हो । निमित्त प्रमुख प्रशासकीय अधिकृत ढकालले दुई दिनसम्म चलेको शिविरबाट २७१ जना पुरुष र ३३९ महिला गरेर ६१० जनाको आँखा जाँच गरिएको र ११० जनाको मोतीविन्दुको शल्यक्रिया गरिएको जानकारी दिएका हुन । नगरपालिकाका प्रमुख पुष्प बादीले चौरजहारी नगरपालिका मात्रै नभई रुकुमपशिचमका अन्य पालिका, जाजरकोट र सल्यानका आँखाका बिरामीले समेत शिविरबाट सेवा लिएको बताए । आर्थिक अभावले आँखाको उपचार गराउन नसकेका सर्वसाधारणलाई लक्षित गरेर नगरपालिकाले शिविर सञ्चालन गरेको नगरप्रमुख बादीले जानकारी गराए । शिविरबाट बढी मात्रामा ज्येष्ठ नागरिकले सेवा लिएका छन् । एक सयभन्दा बढी व्यक्ति आँखा देख्ने भएर घर फर्केको र अन्यको स्वास्थ्य उपचारका लागि समेत स्थानीय तह गम्भीर भएर लागेको नगर प्रमुख बादीले बताए । यसअघि नगरपालिकाले ज्येष्ठ नागरिक र विपन्न आर्थिक अवस्था भएका नगरवासीको स्वास्थ्य बिमा, द्वन्द्वपीडित परिवार तथा व्यक्तिको निशुल्क उपचार व्यवस्था, गर्भवती तथा सुत्केरीलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्दै आइरहेको छ ।

# कर्णालीमा 'प्रदेश सुरक्षा सम्मेलन' हुँदै

नमस्ते समचारदाता
सुर्खेत, मंसिर/२१




कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा यही मङ्सिर २४ गते 'प्रदेश सुरक्षा सम्मेलन' हुने भएको छ । कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलको अध्यक्षतामा आज बसेको प्रदेश सुरक्षा समन्वय समितिको बैठकले यस्तो निर्णय गरेको हो । बैठकमा मुख्यमन्त्री कँडेलले 'प्रदेश सुरक्षा सम्मेलन' को सम्पूर्ण तयारी गर्न सुरक्षा निकायका प्रमुखहरूलाई निर्देशन दिनुभयो । यस्तै, बैठकमा सुरक्षा अवस्थाको विश्लेषण गर्नुका साथै प्रदेशका तर्फबाट उठाउने विषयवस्तुबारे छलफल भएको थियो । छलफलमा जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानका प्रमुखहरूले सुर्खेत तथा कर्णालीको शान्ति सुरक्षाको अवस्था, त्यसमा देखिएका केही चुनौती र समाधानका उपायबारे प्रस्तुत गरेका थिए ।

## आवश्यकता! आवश्यकता!! आवश्यकता!!!

कोहलपुर नगरपालिका वडा नं. ११ स्थित यस समृद्ध नेपाल कृषि सहकारी संस्था लिमिटेड कोहलपुर शाखामा निम्न पदहरूमा आवश्यक पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिनभित्र दरखास्त आह्वान गरिन्छ।

तपसिल

| क्र.सं. | पद | योग्यता | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | बजार व्यवस्थापक | वाणिज्य शास्त्रमा स्नातक उत्तीर्ण | ३ जना | महिला/पुरुष |
| २. | रिसेप्सनिष्ट | +2 passed | १ जना | महिला/पुरुष |
| ३. | बजार प्रतिनिधि | एस.ई.ई.पास | ७ जना | महिला/पुरुष |
| ४. | कार्यालय सहयोगी | एस.ई.ई.पास | १ जना | महिला/पुरुष |

*कार्यानुभव: सम्बन्धित क्षेत्रमा अनुभवी, बजार प्रतिनिधिको हकमा बजार क्षेत्रको अनुभव भएको ।*

**समृद्ध नेपाल कृषि सहकारी संस्था लि.**
**सदस्य सेवा केन्द्र कोहलपुर**
**सम्पर्क नं.: ९८५१३६०९२०, सम्पर्क स्थान: सिटी स्कुल पूर्व साइड**

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध ड्टेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

**राप्ती सोनारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**अगैया, बाँके**

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

**ताँजाकोट गाउँपालिका**
**हुम्ला**


नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके